फोन नं.०८६-४४०११८/४४०३०२
इमेल : akcrolpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,रोल्पा

## स्थानीय तहको सहकार्यमा करारखेती कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७७।०७।०३

कृषि ज्ञानकेन्द्र,रोल्पाको आ.व.२०७७।०७८ को तपसिल बमोजिमको स्वीकृत बार्षिक कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/कृषक समूह/सहकारी/कृषि फर्म हरुले आवश्यक कागजातहरु सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३५(२०७७।०८।०७)गते भित्र यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।यस सम्बन्धी थप जानकारी तथा आवश्यक मापदण्डका लागि भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशको वेबसाइटwww.molmac.p5.gov.np बाट स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७६(पहिलो संशोधन सहित) र अनुसूची फारमहरु डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।

### तपसिल

| क्र.स | कार्यक्रमको नाम | अनुदानको सीमा | आवश्यक कागजातहरु | आवेदकको किसिम | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम | न्यूनतम १ हेक्टर र अधिकत ५ हेक्टर सम्म<br>१)जग्गा भाडा प्रति हेक्टर बढीमा रु.६० हजार<br>२)उत्पादनका लागि पूर्वाधार विकासमा प्रति हेक्टर कूल लागतको ५० देखि ८५%वा बढीमा रु.७५ हजार मात्र | १.स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७६(पहिलो शंसोधन सहित)को<br>अनुसूची-३ बमोजिमको निवेदन<br>अनुसूची-२ बमोजिमको कागजातहरु<br>अनुसूची-४ बमोजिमको प्रस्ताव<br>अनुसूची-८ बमोजिमको स्थानीय तहको सिफारिस | कृषक/कृषक समूह/सहकारी /कृषि फर्म | ६ लाख |

### आवश्यक कागजातहरु

१.अनुसूची -३ अनुसारको निवेदन
२.अनुसूची -४ अनुसारको आयोजनाको प्रस्ताव
३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४.जग्गाधनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बीचको सम्बन्धित स्थानीय तहको रोहबरमा सम्झौता गरिएको प्रतिलिपि
५.जग्गा धनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि ।
६.खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिवद्धता पत्र ।
७.भूमिहिन वा गरीब कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरीब किसानको सिफारिश पत्र ।(पहाडम ३ रोपनी वा तराईमा ५ कठ्ठा भन्दा कम जग्गा भएको वा परिवारका सदस्य मध्य कोही पनि सरकारी सेवामा नरहेको वा अन्य व्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरीब घरधुरी सर्भेक्षणको परिचय पत्रवाहक)
८.अनुसूची-८ अनुसारको स्थानीय तहको सिफारिश पत्र

पुनश्य : थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं.०८६४४०३०२/४४०११८ मा वा सम्पर्क वा सम्पर्क व्यक्ति कृषि अधिकृत (छैठौं)श्री प्रविण चौधरी(फोन नं.९८४७९६७७६८)लाई सम्पर्क गर्नु हुन अनुरोध छ ।